पब्लिक कम्पनी दर्ता नं.: १८७५३२/०७४/७५ नेपाल राष्ट्र बैंक इजाजत नं.: ने.रा.बैंक/इ.प्रा./"घ"/८७/०७५/७६

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.
NESDOSambridhaLaghubittaBittiyaSanstha Ltd.
केन्द्रिय कार्यालय: कुश्मा नगरपालिका, वडा नं.६,न्यूरोड, पर्वत,
फोन नं.: ०६७-४२०४०६,फ्याक्स नं.: ४२०९१५,

# चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री** आदरणीय शेयरधनी महानुभावहरु,
यस वित्तीय संस्थाको संचालक समितिको मिति २०८०/०५/२९ गते शुक्रबार मा बसेको ८५ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरि पारीत गर्न बस्ने भएको हुँदा कम्पनी ऐन,(पहिलो संशोधन) २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थान:**

**मिति:** २०८०/०६/२६ गते शुक्रवार (तदनुसार अक्टोवर १३, २०२३)
**समय:** बिहान ०१:३० बजे ।
**स्थान:** रोयल कुश्मा रिसोर्ट, कुश्मा, पर्वत ।

२. **साधारण सभामा छलफलहुने बिषयहरु:**

(क) **साधारण प्रस्तावहरू:**

१) सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूवाट प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३) आर्थिक वर्ष २०७९/८० को संस्थाको लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४) नेपाल राष्ट्र वैंकवाट स्वीकृत भए बमोजिम वित्तीय संस्थाको आ.व.२०७७/७८ सम्मको संचित मुनाफा र आ.व. २०७८/७९ को खुद मुनाफा मध्येवाट २०७९ आषाढ मसान्त सम्ममा कायम चुक्ता पुँजी रु.२५ करोड ५० लाखको १७.९३४२ प्रतिशतले हुने रु.४,५७,३२,२१०।०० (अक्षरेपी चार करोड सन्ताउन्न लाख वत्तिस हजार दुई सय दश रुपैयाँ मात्र) नगद लाभांश (नगद लाभांसमा लाग्ने कर प्रयोजनमा लागि समेत) वितरण गर्ने प्रस्ताव माथि छलफल गर्ने सम्वन्धमा ।

(ख) **विशेष प्रस्तावहरु:**

१) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीहरुमा संस्थाको चुक्ता पुँजी शंसोधन तथा अन्य आवश्यक संशोधन गर्नु पर्ने भएमा छलफल गरी शंसोधन गर्ने सम्वन्धमा ।

२) यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३) वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधनका सम्वन्धमा नियमनकारी निकायवाट कुनै संशोधन वा फेरवदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही वमोजिम गर्न/ गराउन तथा अभिलेखन गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धि कागजात प्रमाणित गर्न, दाखिला गर्न र

अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**ग)** **विविध ।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्वन्धी अन्य जानाकारी:**

(१) वार्षिक साधारणसभा प्रयोजनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज किताब बन्द रहनेः यस वित्तीय संस्थाको चौथो बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०६/१८ गते देखि मिति २०८०/०६/२६ सम्म यस संस्थाको शेयर दाखिल खारेज किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०६/१७ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री ग्लोवल आईएमइ क्यपिटल लिमिटेड नक्शाल, काठमाण्डौमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, वोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनु हुनेछ ।

(२) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र, हितग्राहि नम्बर वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

(३) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु संस्थाको वेभ साईट www.nesdonepal.org मा हेर्न सकिनेछ । उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले यसै सूचनालाई आधार मानी आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनहुन अनुरोध गरिन्छ ।

(५) नावालक शेयरधनीको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत दिन समेत सक्नेछन ।

(६) साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा उपलब्ध गराइने (वित्तीय संस्थाको वेबसाइट www.nesdonepal.org मा समेत राखिएको) प्रोक्सी फारम भरी यस वित्तीय संस्थाका शेयर धनीहरुलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नु हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०८०/०६/२४ गते दिनको ०१:३० बजे (अर्थात सभा शुरु हुन भन्दा ४८ घण्टा अगावै) यस संस्थाको केन्द्रीय कार्यालय कुश्मा पर्वतमा दर्ता गराई सक्नुपर्नेछ । प्रतिनिधि(प्रोक्सी) नियुक्त गरिसकेपछि पनि आफैं साधारणसभामा भाग लिन चाहनु हुने शेयरधनी महानुभावहरुले साधारण सभा शुरु हुनुभन्दा अगाडी लिखित निवेदन दिई प्रतिनिधिको नियुक्ति बदर गर्न सक्नुहुनेछ । तर एक जना शेयरधनीले एक जना भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै नियुक्ती बदर हुनेछ ।

(७) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त पदाधिकारीबाट जवाफ दिन सक्नेछन ।

(८) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(९) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन दिनको ११:०० बजे देखि खुल्ला रहनेछ ।

(१०) थप जानाकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय तथा फोन नं ०६७-४२०४०६,०६७-४२०९१५ वा कम्पनी सचिवको मोवाईल नम्वर ९८४६०४८१८० मा सम्पर्क राख्नु हुन वा वित्तीय संस्थाको बेवसाईट www.nesdonepal.org हेर्नु हुन अनुरोध छ । संस्थाको E-mail: nesdosmfi @gmail.com मार्फत पनि सम्पर्क गर्न सकिनेछ ।

(११) अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछन ।